सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (PEFA) सचिवालयको त्रैमासिक प्रकाशन

# PEFA Newsletter

## A Quarterly Publication of PEFA Secretariat

वर्षः ३ अङ्कः ११ ०७२ भाद्र

### सम्पादकको तर्फवाट :

राष्ट्रको समग्र वित्तीय व्यवस्थापनको मूल्याङ्कन गर्ने अन्तराष्ट्रिय मापदण्ड तथा ढाँचामा रहेर नेपालमा दोश्रो सार्वजनिक वित्तीय व्यावस्थापन मूल्याङ्कन सम्पन्न भएको छ। दोश्रो मूल्याङ्कनमा पहिला मूल्याङ्कन २००८ भन्दा ६1% सूचकमा सुधार भएको छ।

दोश्रो पेफा मूल्याङ्कनले देखाएको सवल तथा दुर्वल पक्षहरु मध्ये सवल पक्षहरुलाई अफ्ह सुदृढ गर्न र कमजोर पक्षलाई सुधार गर्न दोश्रो चरणको सुधार कार्ययोजना वनाउने कार्यको थालनी भएको छ। TSA लाई अफ्ह सवल र व्यापक बनाउन चालु आ.व. देखि जिल्लास्थित ख ६ समूहका सवै खाताहरुको कारोवार TSA मार्फत गरिएको छ।

त्यसैगरी गत आ.व. मा ३ जिल्लामा Piloting को रुपमा सुरु गरिएको RMIS लाई यस आ.व. मा थप १२ जिल्लामा लागु गरिएको छ। जसबाट ९० प्रतिशत भन्दा बढी राजश्वको Real time data उपलब्ध हुने अपेक्षा गरिएको छ। साथै यस बर्ष थप १४ वटा केन्द्रिय निकायहरुको केन्द्रिय आर्थिक विवरण NPSAS अनुरुपको तयार गर्ने गरी कार्यक्रम तर्जुमा गरिएको छ।

सार्वजनिक वित्तीय व्यवस्थापनमा गरिएका सुधारहरुलाई निरन्तरता दिदै तथा थप सवलता प्रदान गर्ने र कमजोर पक्षहरुमा आवश्यक सुधार गरी नेपालको वित्तीय व्यवस्थापनलाई अफ्ह सुदृढ, सवल, गतिशिल बनाई प्रभावकारी, परदर्शी, विश्वसनिय तथा उत्तरदायी बनाउने तर्फ हाम्रा प्रयासहरु केन्द्रित रहने छ।



माननीय अर्थ मन्त्री श्री रामशरण महतद्वारा दोश्रो पेफा मूल्यांकन २०१४ को प्रतिवेदन सार्वजनिक गर्दै साथमा अर्थ सचिव श्री सुमन प्रसाद शर्मा।

### यस भित्र


- दोश्रो पेफा मूल्याङ्कन २०१४ को प्रतिवेदन सार्वजनिक।
- सार्वजनिक वित्तीय व्यवस्थापन सम्वन्धी राष्ट्रिय तालिम सम्पन्न।
- २१ औ पेफा निर्देशक समितिको वैठक सम्पन्न।
- National Level Public Financial Management (PFM) Reform Workshop सम्पन्न
- आर्थिक पत्रकार समाजसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न।
- २०७१/२०७२ आ. व. को प्रगति विवरण
- PFM सम्वन्धी अन्य सामाग्रीहरु।

# दोश्रो सार्वजनिक वित्तीय व्यवस्थापन मूल्याङ्कन २०१४ प्रतिवेदन सार्वजनिक




कार्यक्रममा बोल्दै सचिवालयका संयोजक श्री मुकुन्द राज प्रकाश घिमिरे

दोश्रो सार्वजनिक वित्तीय व्यवस्थापन मूल्याङ्कन २०१४ को प्रतिवेदन यही मिति २०७२ असार ४ गतेका दिन माननीय अर्थमन्त्री डा. रामशरण महतको प्रमुख आतिथ्यमा सार्वजनिक भएको छ । प्रतिवेदन मार्फत विगत सात बर्षमा नेपालको सार्वजनिक खर्च व्यवस्थापन प्रणालीमा विशेष गरी सुचना प्रविधिको क्षेत्रमा उल्लेखनिय सुधार भएको अध्ययनबाट देखिएको छ । प्रतिवेदन अनुसार विभिन्न ३१ सूचकहरुमा १९ वटा (६१ प्रतिशत) सुधार आएको, २ वटा (७ प्रतिशत)मा गिरावट आएको र १० वटा (३२ प्रतिशत) यथावत रहेको देखिएको छ । सार्वजनिक वित्तीय व्यवस्थापनका क्षेत्रमा भएका काम कारवाहीको आधारमा सार्वजनिक गरिएको यस प्रतिवेदनमा सार्वजनिक वित्तीय व्यवस्थापनको क्षेत्रमा उल्लेखनिय सुधार देखिएको छ । ५८ जना मध्यमस्तरीय सरकारी अधिकृत सहभागी ९ वटा अध्ययन मूल्याङ्कन टोलीलाई विभिन्न मन्त्रालयका सहसचिवले नेतृत्व गरिएको मूल्याङ्कन प्रक्रिया विश्व बैंकको प्राविधिक सहयोगमा अगाडि बढाइएको थियो ।

यस सुधारलाई सार्वजनिक खर्च व्यवस्थापनका सबै चरणहरुसँग जोडेर दिगो रुपमा लैजान सकिए त्यसले नेपाललाई मध्मस्तरीय आय भएको मुलुकमा स्तरोन्नति गर्न र गरीवी न्यूनिकरण गर्न निकै सहयोग पुग्ने विश्वास लिईएको छ । यस अध्ययनबाट अन्य मुलुकको तुलनामा नेपालको सार्वजनिक खर्च व्यवस्थापन बलियो बन्दै गएको, नेपालको पेफा रेटिङ तुलनात्मक रुपमा १५ वटा कमजोर अर्थतन्त्र भएका मुलुक र २७ वटा न्यून आय भएका मुलुकहरुको भन्दा राम्रो रहेको देखिएको छ ।

प्रतिवेदन सार्वजनिक गर्दै माननीय अर्थमन्त्री डा. रामशरण महतले सार्वजनिक खर्च व्यवस्थापनमा सुधार आउनुको पछाडी सन् १९९० पछि अगाडि बढाइएको आर्थिक सुधारको अभियान पनि महत्वपूर्ण हो भन्दै मूल्याङ्कनको नतिजा अनुसार बाँकी सूचकलाई पनि सुधार गर्न सरकार प्रतिवद्ध भएको कुरा बताउनु भएको थियो । करदाताले बुझाएको रकमलाई पारदर्शि र व्यवस्थित रुपमा विकास गर्न सार्वजनिक हितका लागि खर्च गर्नु, लेखा राख्नु रकम दुरुपयोग हुन नदिनु सरकारको काम हो भन्दै उहाँले त्यसका लागि सरकारले एकल खाता कोष प्रणालीमार्फत खर्च गर्ने, भएका खर्च वेवसाइटमा राख्नेजस्ता काम गर्दै आएको उदाहरण दिनुभयो ।

साथै विश्व बैङ्कका राष्ट्रिय निर्देशक ताकुया कामाताले नेपालको सार्वजनिक खर्च व्यवस्थापनमा आएको सुधार उत्साहजनक भएको भन्दै बाँकी सूचकहरु पनि सुधार गर्ने तर्फ नेपाल सरकारले ध्यान दिनुपर्ने बताउनुभयो ।

पेफा सचिवालयले आगामी दिनहरुमा परिवर्तित परिस्थिति अनुसार मूल्याङ्कनका तथ्यहरुलाई बृहत रुपमा सार्वजनिक गर्ने र दोश्रो चरणको सार्वजनिक खर्च व्यवस्थापन सधारसम्वन्धी कार्ययोजनालाई अन्तिम रुप दिने कार्यक्रम रहेको छ।

# Summry of PEFA Rating:

| PFM Performance Indicators | | 2008 | 2014 | Scoring Method | Comparable Scores | Change since 2008 |
|---|---|---|---|---|---|---|
| A: PFM OUT-TURNS<br>I: Credibility of the Budget | | | | | | |
| PI-1 | Aggregate expenditure out-turn compared to original approved budget | B | A | M1 | Yes | Variances reduced. |
| PI-2 | Composition of expenditure out-turns compared to original approved budget. | C | C+<br><br>C<br>A | M1 | Changed methodology | No direct comparability. |
| PI-3 | Aggregate revenue out-turn compared to original approved budget. | A | A | M1 | Changed methodology | Performance unchanged |
| PI-4 | Stock and monitoring of expenditure payment arrears. | D+<br><br>C<br>D | B+<br><br>A<br>B | M1 | Yes | Stock of arrears below 2% and system in place to generate arrears data. |
| B: KEY CROSS-CUTTING ISSUES<br>II. Comprehensiveness and Transparency | | | | | | |
| PI-5 | Classification of the budget | C | A | M1 | Yes | Expanded budget classifications - comprehensive |
| PI-6 | Comprehensiveness of information included in the budget documentation | B | A | M1 | YES | Performance improvement regard to information benchmark 3: deficit financing, describing anticipated debt composition. |
| PI-7 | Extent of unreported government operations | C | D+<br>D<br>C | M1 | Yes | Higher proportion of extrabudgetary operations than before |
| PI-8 | Transparency of Inter-Governmental Fiscal Relations | C<br>C<br>C<br>C | C+<br>C<br>C<br>B | M2 | Yes | Subnational government's fiscal data reporting strengthened |
| PI-9 | Oversight of aggregate fiscal risk from other public sector entities | D+<br><br>C<br>D | C<br><br>C<br>C | M1 | Yes | Performance improves regard to benchmark 2: subnational net fiscal position monitored and audited. |
| PI-10 | Public access to key | B | A | M1 | Yes | Performance of benchmark 4 |

| PFM Performance Indicators | | 2008 | 2014 | Scoring Method | Comparable Scores | Change since 2008 |
|---|---|---|---|---|---|---|
| | fiscal information | | | | | improved: Reports on central government consolidated are made public within six months of completed audits. |
| **C: BUDGET CYCLE**<br>**III. Policy-Based Budgeting** | | | | | | |
| PI-11 | Orderliness and participation in the annual budget process | C+<br>B<br>B<br>D | B<br>A<br>A<br>NA | M2 | Yes | Issuance and adherence of budget discussion as per budget calendar. |
| PI-12 | Multi-year perspective in fiscal planning, expenditure policy and budgeting | C+<br>B<br>C<br>C<br>C | B<br>B<br>A<br>C<br>C | M2 | Yes | Debt Sustainability Analysis conducted annually. |
| **IV. PREDICATABILITY &CONTROL in BUDGET EXECUTION** | | | | | | |
| PI-13 | Transparency of taxpayer obligations and liabilities | C+<br>C<br>C<br>B | A<br>A<br>A<br>B | M2 | Yes | Performance improved on the following : a) Tax obligation is clear and discretionary power limited; b) Taxpayer's access to information is comprehensive, clear and expanded. |
| PI-14 | Effectiveness of measures for taxpayer registration and tax assessment. | C<br>C<br>C<br>C | A<br>B<br>A<br>A | M2 | Yes | Overall improvement in taxpayer registration and tax assessment. |
| PI-15 | Effectiveness in collection of tax payments | D+<br>D<br>B<br>D | D+<br>D<br>B<br>D | M1 | Yes | Performance unchanged |
| PI-16 | Predictability in the availability of funds for commitment of expenditures. | C+<br>C<br>B<br>C | C+<br>C<br>B<br>B | M1 | Yes | Improvement on cash flow forecast, information to MDAs on expenditure ceilings and transparency of adjustment to budget allocations. |
| PI-17 | Recoding and management of cash balances, debt and guarantees | C+<br>C<br>B<br>C | C+<br>C<br>B<br>C | M2 | Yes | Performance unchanged |

| PFM Performance Indicators | | 2008 | 2014 | Scoring Method | Comparable Scores | Change since 2008 |
|---|---|---|---|---|---|---|
| PI-18 | Effectiveness of payroll controls | C+<br>C<br>B<br>C<br>B | C+<br>C<br>B<br>C<br>C | M2 | Yes | Performance unchanged. |
| PI-19 | Competition, value for money and controls in procurement | C<br>C<br>C<br>C | B<br>B<br>D<br>C<br>A | M2 | New dimensions, cannot be compared | Use of open competition, operation of independent administrative procurement compliant system. |
| PI-20 | Effectiveness of internal controls for non-salary expenditures. | C<br>C<br>C<br>C | C<br>C<br>C<br>C | M1 | Yes | Performance unchanged. |
| PI-21 | Effectiveness of internal audit | D+<br>D<br>C<br>D | D+<br>D<br>C<br>D | M1 | Yes | Performance unchanged. |
| **V: Accounting Recording and Reporting** | | | | | | |
| PI-22 | Timeliness and regularity of accounts reconciliation | C+<br>B<br>C | C+<br>(i) C<br>(ii) B | M2 | Yes | Reconciliation issues on the revenue accounts. |
| PI-23 | Availability of information on resources received by service delivery units | C | A | M1 | Yes | Improvement on resources made available to service delivery units incl. completion of PET survey. |
| PI-24 | Quality and timeliness of in-year budget reports | C+<br>C<br>A<br>C | C+<br>C<br>A<br>B | M1 | Yes | System able to show direct comparison between original budget and expenditure and there is no material difference in data accuracy. |
| PI-25 | Quality and timeliness if annual financial statements | C+<br>C<br>A<br>C | C+<br>C<br>A<br>C | M1 | Yes | Performance unchanged |
| **VI. External Scrutiny and Audit** | | | | | | |
| PI-26 | Scope, nature and follow-up of external audit | D+<br>B<br>D<br>C | C+<br>B<br>C<br>C | M1 | Yes | Audit coverage expanded and timely submission of audit reports |

| PFM Performance Indicators | | 2008 | 2014 | Scoring Method | Comparable Scores | Change since 2008 |
|---|---|---|---|---|---|---|
| PI-27 | Legislative scrutiny of annual budget law | D+<br>C<br>D<br>D<br>B | D<br>D<br>NA<br>NA<br>NA | M1 | Yes | No parliament |
| PI-28 | Legislative scrutiny of external audit reports | D<br>D<br>C<br>C | D<br>D<br>NA<br>NA | M1 | Yes | No parliament |
| **D. Donor Practices** | | | | | | |
| D-1 | Predictability of Direct Budget Support | D<br>D<br>D | D+<br>D<br>A | M1 | Yes | Improvement in timeliness of donor disbursements |
| D-2 | Financial information provided by donors for budgeting and reporting on project and program aid | D<br>D<br>D | C+<br>B<br>C | M1 | Yes | Improvement in donor information on project support |
| D-3 | Proportion of aid that is managed by use of national procedures. | D | C | M1 | Yes | Greater use of national procedures |

## Summary of Changes in Indicator Rating since 2007 Assessment

| **Change in Ratings** | **Number of Indicators** | **% Indicators** |
|---|---|---|
| Upwards | 19 | 61 |
| Downwards | 2 | 7 |
| Remained the same | 10 | 32 |
| TOTAL | 31 | 100 |

## पेफा निर्देशक समिति को वैठक सम्पन्न



कार्यक्रमको एक झलक

पेफा निर्देशक समितिको २१ औं वैठक यही २०७२/०२/०७ मा सम्पन्न भएको छ । दोस्रो पेफा मूल्याङ्कन सफलतापूर्वक सम्पन्न गरेकोमा मूल्याङ्कनमा संलग्न सबै टोलीनेताहरु र मूल्यांकन टोलीका सदस्यहरुलाई अर्थ सचिव श्री सुमन प्रसाद शर्माले धन्यवाद दिनुभयो । वैठकमा पेफा सचिवालयबाट पेश भएको दोश्रो पेफा मूल्याङ्कन प्रतिवेदनलाई अनुमोदन गर्ने र उक्त प्रतिवेदन माननीय अर्थमन्त्रीलाई ब्रिफिङगरी शीघ्र सार्वजनिक गर्ने निर्णय भएको थियो । साथै दोश्रो चरणको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्ययोजनाको खाकालाई सम्बद्ध सरोकारवालासँग छलफल गरी पेफा सचिवालयले अन्तिम रुप दिई समितिमा पेश गर्ने निर्णय समेत भएको थियो ।

## आयोजना लेखा सम्वन्धी तालिम कार्यक्रम सम्पन्न



**तलिम कार्यक्रममा आफ्नो मन्तब्य दिदै पेफा सचिवालयका संयोजक श्री मुकुन्दराज प्रकाश घिमिरे**

पेफा सचिवालयद्वारा २०७१ माघ १८ देखि २० गतेसम्म सार्वजनिक वित्तको क्षेत्रमा कार्यरत मानवीय श्रोत मध्येवाट वढीमा २५ जना समावेश गरी ३ दिनको आयोजना लेखाङ्कन सम्वन्धी तालिम आयोजना गरिएको थियो । तालिमका मूख्य उद्देश्यहरु आयोजना लेखा सम्वन्धी सैद्धान्तिक तथा व्यावहारिक ज्ञानको विकास गर्ने, कर्मचारीलाई दातृ संस्था वा राष्ट्रको आवश्यकता अनुसार आर्थिक कारोवारको अभिलेख राख्ने तथा प्रतिवेदनहरु तयार गर्न सक्ने किसिमको बनाउने, आयोजना लेखा सम्वन्धी विषयगत ज्ञान प्रदान गरी भविष्यमा प्रशिक्षक को रुपमा तयार गर्ने रहेका थिए । कार्यक्रममा पेफा सचिवालय, म.ले.नि.का, सडक विभाग, शिक्षा विभाग, स्वास्थ्य सेवा विभाग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, आयोजना निर्देशनालय, स्थानीय विकास मन्त्रालय, र कोष तथा लेखा नियन्त्रक कार्यालयवाट उपसचिव एवं अधिकृतस्तरका कर्मचारीलाई सहभागी गराइएको थियो .

# सार्वजनिक वित्तीय व्यवस्थापन सम्वन्धी राष्ट्रिय तालिम कार्यक्रम



कार्यक्रमका सहभागीहरु

पेफा सचिवालयले मिति २०७१।१२।२८ देखि २९ गते सम्म धुलिखेलमा मन्त्रालयस्तरका आर्थिक प्रशासन, योजना र बजेटमा काम गर्न कर्मचारीहरुको लागि राष्ट्रिय सार्वजनिक वित्तीय व्यवस्थापन तथा सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व विषयक ३ दिने कार्यशाला सञ्चालन गरेको थियो । कार्यक्रमको मुख्य उद्देश्य दोश्रो सार्वजनिक वित्तीय व्यवस्थापन मूल्याङ्कनको नतिजामा छलफल गरी दोश्रो चरणको कार्ययोजनाको पहिचान गर्नु एवं सार्वजनिक वित्तीय व्यवस्थापन र सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्वका क्षेत्रमा नयाँ अवधारणाहरुवारे छलफल चलाउनुका साथै ती विषयमा सहजिकरण गर्ने दक्ष मानवीय श्रोतको विकास गर्नु रहेको थियो । कार्यक्रमको संचालन पेफा सचिवालयका सदस्य सचिव तथा उपमहालेखा नियन्त्रक श्री वावुराम सुवेदीले गर्नुभएको थियो । तालिम कार्यक्रमको उद्घाटन सत्र पेफा सचिवालयका संयोजक एवं सहमहालेखा नियन्त्रक प्रमुख श्री मुकुन्द राज प्रकास घिमिरेको अध्यक्षता तथा तत्कालिन् महालेखा नियन्त्रक श्री शंकर प्रसाद अधिकारीको प्रमुख आतिथ्यतामा आयोजना भएको थियो ।



कार्यपत्र प्रस्तुतिको क्रममा श्री बाबुराम सुवेदी

कार्यक्रममा तत्कालिन् महालेखा नियन्त्रक श्री शंकर प्रसाद अधिकारीले Role of FCGO in Financial Management Reform को विषयमा प्रशिक्षण गर्नु भएको थियो, कार्यक्रममा महालेखा नियन्त्रक लगायत ९ जना विषय विशेषज्ञहरु हुनुहुन्थ्यो। दोश्रो सार्वजनिक वित्तीय व्यवस्थापन मूल्याङ्कन २०१४ को नतिजामा छलफल गरी दोश्रो चरणको कार्ययोजना पहिचान र कार्यान्वयनको विषयमा तालिमलाई केन्द्रित गरिएको थियो । सहभागीहरुले संयमतापूर्वक तालिममा सहभागी भई प्रस्तुत विषय समसामयिक भएको र सार्वजनिक खर्च र वित्तीय व्यवस्थापन जस्ता कुरा समग्र राष्ट्रको शासकीय व्यवस्थापन सुधारमा सहयोग पुग्ने भएकोले यस किसिमका तालिम कार्यक्रम जिल्लास्तरसम्म लैजानुपर्ने र जनशक्ति विकासलाई थप प्रभावकारी बनाउन आवश्यक रहेको सुझाव दिएका थिए ।

# आर्थिक पत्रकार समाजसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न ।






कार्यक्रमको केही झलकहरु

समाचार माध्यमबाट आम जनतालाई सुसूचित गर्न तथा पारदर्शीता, जवाफदेहीता र उत्तरदायित्व सिर्जना गर्न पत्रकारहरुको महत्वपूर्ण भूमिका रहन्छ । आर्थिक पत्रकारहरुलाई सार्वजनिक वित्तीय व्यवस्थापनमा भईरहेका पहलहरुबारे जानकारी होस् र त्यस्ता विषयहरुमा समाचार सम्प्रेषण भई आम मानिसहरुले बुझ्न सकुन् भन्ने उद्देश्यले २०७२ असार २८ गते पेफा सचिवालय र आर्थिक पत्रकारहरुबीच सार्वजनिक खर्च र वित्तीय उत्तरदायित्व सम्वन्धी अन्तरक्रिया कार्यक्रम चितवनको सौराहामा आयोजना गरिएको थियो ।

कार्यक्रम का. मु. महालेखा नियन्त्रक श्री राजेन्द्र प्रसाद नेपाल प्रमुख आतिथ्यमा संचालन भएको थियो । देशका प्रमुख सञ्चारमाध्यम (अखबार, रेडियो, टीभी तथा अनलाइन) का ३५ जनाभन्दा बढी आर्थिक पत्रकारहरु तथा महालेखा नियन्त्रक कार्यालय र पेफा सचिवालयका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा सचिवालयको तर्फवाट पेफा सचिवालय संयोजक मुकुन्द राज प्रकाश घिमिरेले सार्वजनिक खर्चलाई सूचना प्रविधिको माध्यमबाट पारदर्शी बनाउँदै लैजान खोजिएको बताउनु भयो साथै उहाँले सार्वजनिक खर्चलाई जनताप्रति जवाफदेही बनाएर, सुशासनभित्र रही सरकारी खर्च प्रणाली अघि बढाउनुपर्ने र सूचना प्रणालीमार्फत गरिएको सुधारले प्रतिफल दिन थालेको जानकारी गराउनु भयो ।

उपमहालेखा नियन्त्रक बाबुराम सुवेदीले सार्वजनिक खर्च प्रणालीमा सुधार आएको बताउँदै १९ वटा सूचकमा सुधार आएको जानकारी गराउदै सार्वजनिक खर्चलाई अझै पारदर्शी बनाउनका लागि सभासद्हरुसंग छलफल कार्यक्रमको तयारी भइरहेको बताउनु भयो साथै पेफा सचिवालयका सदस्य सचिव भुवन प्रसाद काफ्लेले सार्वजनिक वित्तीय व्यवस्थापनमा गर्नुपर्ने थप सुधार तथा सार्वजनिक खर्च लक्षित वर्गसम्म पुऱ्याउन संचारकर्मीको भूमिका महत्वपूर्ण रहेको र सार्वजनिक खर्च कसरी भइरहेको छ त्यसको अवस्था अनुसन्धान गरेर जनतामाझ पुऱ्याउने दायित्व संचारकर्मीको भएको बताउनु भयो ।

कार्यक्रममा बिजमान्डू डटकमका सम्पादक सरोज काफ्लेले सरकारी कार्यालयको कारोबारलाई 'अनलाईन पेमेन्ट' प्रणालीमा लैजानुपर्ने भन्दै कुनैपनि सरकारी निकायको दस्तुरी मोबाइलमार्फत भुक्तानी गर्न सकेमा त्यसले भष्ट्राचार र कार्यालय धाउने समय जोगिने हुदा सरकारी निकायले यस्ता प्रविधिलाई अपनाएमा पारदर्शीता र सुशासन दुवैमा सफलता मिल्ने कुरा उल्लेख गर्नु भयो । सेजनका अध्यक्ष विज्ञान अधिकारीले जनताबाट उठाएको रकमको सही सदुपयोगका लागि सुधार कार्यक्रमलाई निरन्तर अघि बढाउनुपर्ने बताउनु भयो ।

## National Level Public Financial Management (PFM) Reform Workshop सम्पन्न




कार्यक्रमको एक झलक

पेफा सचिवालय र Public Financial Management Accountability (PFMA) Program/DFID को संयुक्त आयोजनामा National Level Public Financial Management (PFM) Reform Workshop गोष्ठीको संचालन ललितपुरको गोदावरी स्थित Godavari Village Resort मा यही २०१५ को फेब्रुवरी ६ र ७ मा संचालन गरिएको थियो । गोष्ठीको शुभारम्भ पेफा सचिवालयका संयोजक श्री जगदिश रेग्मीको स्वागत मंतव्य साथै तत्कालिन् महालेखा नियन्त्रक श्री शंकर प्रसाद अधिकारी र PFMA का Team Leader Mr. Mark O'Donnell बाट गोष्ठीको महत्व र नेपालको सार्वजनिक वित्तीय व्यवस्थापनमा भएका सुधारका विविध पक्षका विषयमा मंतव्य दिएर शुरु गरिएको थियो ।

गोाष्ठीमा राष्ट्रिय योजना आयोग, अर्थ मंत्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वन तथा भूसंरक्षण मंत्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय, शिक्षा मन्त्रालय, गृह मन्त्रालय, महालेखानियन्त्रक कार्यालय, पेफा सचिवालय तथा Crown Agent, Nepal र Team Consult, Nepal का सम्बन्धित अधिकारीहरुको सहभागिता रहेको थियो । नेपालको सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधारका महत्वपूर्ण विषयमा केन्द्रित ६ वटा कार्यपत्रहरु छलफल र अन्तरक्रियाको माध्यमबाट प्रस्तुतीकरण गरिएको थियो । यो दुई दिने गोष्ठीमा सहभागीहरुको समुह बनाई "Second Phase PFM Reform Action Plan" मा विस्तृत रुपमा छलफल र अन्तरक्रिया भई प्रत्येक समुहबाट पृष्ठपोषण समेत भएको थियो । यी पृष्ठपोषण (Feedback) अनुसार कार्य योजना(Action Plan) परिमार्जन गरी PFM Reform कार्यान्वयनको लागि अन्तिम रुपमा तयार पार्ने कार्यमा निकै सहयोगी सिद्ध भएको छ ।

| कार्यपत्र र छलफलका बिषय | श्रोत व्यक्ति |
|---|---|
| Public Expenditure Management and Budget Reform | श्री बैकुण्ठ अर्याल, सहसचिव, अर्थ मंत्रालय |
| Overview of Recent PFM Reforms Progress in Key Areas in Nepal. | तत्कालिन् महालेखानियन्त्रक श्री शंकर प्रसाद अधिकारी |
| Significance of Second Phase PFM Reform Action Plan to Implement | श्री बाबुराम सुवेदी, सदस्य सचिव, पेफा सचिवालय, नेपाल |
| Current Initiatives in Planning System in Nepal (For Result Based Budgeting) | डा. चन्द्रमणी अधिकारी, सदस्य, रा.यो.आ. |
| Internal Control: Based on MoHP Practice. | श्री श्रीकृष्ण नेपाल, प्रमुख लेखानियन्त्रक, स्वास्थ्यतथा जनसंख्या मन्त्रालय |
| Role of PIUs for PFM Reform | श्री राजेन्द्र ब. बज्राचार्य, परामर्शदाता, पेफा सचिवालय |



श्री मुकुन्द राज प्रकाश घिमिरे



श्री भवन प्रसाद काफ्ले

पेफा सचिवालयको संयोजकमा सह महालेखा नियन्त्रक श्री मुकुन्द राज प्रकाश घिमिरे र सदस्य सचिवमा उपमहालेखा नियन्त्रक श्री भुवन प्रसाद काफ्ले हालै वहाली हुनु भएको छ ।

## जिल्लामा जिल्ला पेफा कार्यान्वयन इकाई (DPIU) को सकृयतामा सार्वजनिक खर्चलाई पारदर्शी बनाउन कार्यक्रमहरु सम्पन्नः

स्थानीयस्तरमा वित्तीय पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्न गराउनका लागि सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सम्बन्धी जानकारी तल्लो तहसम्म पुऱ्याउने, पेफाका सूचकहरुको माध्यमबाट सार्वजनिक क्षेत्रको वित्तीय अवस्थाको चित्रण गरी सरकारको यथार्थ गराउने तथा सार्वजनिक खर्च तथा वित्तीय पारदर्शिताका सम्बन्धमा सूचना प्रवाह गर्न सहयोग पुऱ्याउने तथा यस विषयमा सरोकारवालाहरुको पृष्ठपोषण लिने उद्देश्यले जिल्ला पेफा कार्यान्वयन इकाई (DPIUs) को आयोजनामा एक दिवसीय अभिमूखीकरण कार्यक्रमहरु विभिन्न जिल्लाहरुमा आयोजना गरिएको थियो । यी कार्यक्रममा राजनैतिक दलका जिल्लास्थित प्रमुख वा प्रतिनिधि, सरकारी कार्यालयका प्रमुखहरु तथा लेखा प्रमुखहरु, सार्वजनिक संस्थानका जिल्लास्थित प्रमुखहरु, नागरिक समाज र गै.स.स.का प्रतिनिधिहरु, पत्रकारहरु र उद्योग वाणिज्य संघका प्रतिनिधि पदाधिकारीहरुलाई सहभागी गराईएको थियो ।

## क्षेत्रीयस्तरमा लेखा समूहका कर्मचारीको तालिम सम्पन्न

आ.व. २०७१/०७२ मा ५ जिल्लामा क्षेत्रीय स्तरमा लेखा समूहका कर्मचारीहरुको तालिम सम्पन्न भएको छ । पेफा सचिवालयद्वारा आयोजना गरिएको र जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयहरुको समन्वयमा संचालित तालिम कार्यक्रममा सहायकस्तरका कर्मचारीहरुलाई समावेस गरिएको थियो । यस पटक धनगढी, नेपालगंज, ईलाम, कास्की र चितवन गरेर पाँच जिल्लामा जिल्लास्थित को.ले.नि.का प्रमुखको संयोजकत्वमा बजेट निर्माण, खरिद प्रक्रिया, लेखापरीक्षण, राजस्व, धरौटी, केन्द्रिय हिसाव लगायतका विषयमा तालिम कार्यक्रम संचालन भएको थियो । तालिम प्रशिक्षकको रुपमा केन्द्रबाट पेफा सचिवालयका संयोजक, सदस्य सचिव र अधिकृतस्तरका कर्मचारीको उपस्थिति रहेको थियो । त्यसै गरी जिल्लाबाट को.ले.नि.का प्रमुख र अधिकृतस्तरका कर्मचारीहरु, आन्तरिक राजस्व कार्यालय प्रमुख, जिल्ला विकास समितिको प्रमुख, लेखा प्रमुख लगायतहरुबाट तालिममा प्रशिक्षण दिइएको थियो ।

# विभिन्न विषयमा भएका अध्ययन अनुसन्धानमा सुझावहरुसहितको प्रतिवेदन पेश

सार्वजनिक वित्तीय व्यवस्थापनको विभिन्न पाँच क्षेत्रमा पेफा सचिवालयले परामर्शदाता मार्फत गराइ रहेको अध्ययन तथा अनुसन्धान कार्य सम्पन्न भएको छ।

क) सार्वजनिक वित्तीय व्यवस्थापन संचालनमा प्रत्यक्ष संलग्न नेपाल सरकारका कर्मचारीहरुलाई के कस्तो तालीमको आवश्यकता रहेको छ ? त्यस्तो तालिम दिन विद्यमान तालिम दिने निकायहरु पर्याप्त छन् ? के कस्तो सुधारको आवश्यकता छ ? वा छुट्टै निकायको अवश्यकता छ ? जस्ता विषय समेटी डा. शैलेन्द्र सिग्देलले Studies on the Training need assessment for PFM staffs of Government of GoN विषयमा अध्ययन गरी देहाय बमोजिमका सुझावहरुसहितको प्रतिवेदन पेश गर्नुभएको छ।

१. Capacity Development Plan Strategy तयार गर्ने ।
२. PFM staff लाई केन्द्रित गरी Training Institute स्थापना गर्ने ।
३. सेवा प्रवेशको लागि चाहिने न्यूनतम योग्यता पुनरावलोकन गर्ने ।
४.सेवा प्रवेश तालिम सवै तहमा अनिवार्य गर्ने र तालिमको संख्या र गुणात्मकता दुवै बढाउनु पर्ने ।

ख) नेपाल सरकारको आन्तरिक लेखापरीक्षण प्रणालीलाई कसरी सुधार गर्न सकिन्छ ? वर्तमान संरचनामा के कस्तो सुधार आवश्यक छ ? आन्तरिक लेखापरीक्षण प्रणालीको सुधारको लागि तत्कालीन, मध्यकालीन तथा दीर्घकालीन रुपमा के गर्नु आवश्यक छ ? जस्ता विषय समेटी डा. सुवोध कुमार कर्णले Study on Internal Audit System Reform विषयमा अध्ययन गरी देहाय बमोजिमका सुझावहरुसहितको प्रतिवेदन पेश गर्नुभएको छ।

१. आन्तरिक लेखापरिक्षणको लागि अलग्गै निकाय (आ.ले.प डिभिजन जस्तो) को व्यवस्था गर्ने ।
२. आन्तरिक लेखापरीक्षण मापदण्ड वनाउने ।
३. लेखापरीक्षण प्रतिवेदनको अनुगमन मूल्यांकनलाई प्रभावकारी वनाउने ।
४. आन्तरिक लेखापरीक्षकको क्षमता विकास गर्ने तथा Audit मा IT को प्रयोग बढाउने ।

ग) हाल एकल खाता कोष प्रणाली ७५ वटै जिल्लामा लागु भईसकेको छ । यसको कार्यान्वयनबाट सार्वजनिक कोषको व्यवस्थापनमा के कस्ता प्रभावहरु देखिए ? कमीकमजोरी के कस्ता रहेका छन् ? यसको दीगोपना र गुणात्मक सुधारको लागि के गर्नु आवश्यक छ ? जस्ता विषय समेटी श्री लालमणी जोशीले Impact Study of TSA Implementation in Public Finance in Nepal विषयमा अध्ययन गरी देहाय बमोजिमका सुझावहरुसहितको प्रतिवेदन पेश गर्नुभएको छ।

१. ऐन, नियम, निर्देशिकामा आवश्यक संसोधन गर्ने ।
२. ख ६ लगायत स्थानीय निकायको कारोवारहरु TSA मार्फत गर्नु पर्ने ।
३. Training बढाउनु पर्ने र It system हरुलाई प्रभावकारी र सवल वनाउनु पर्ने ।
४. Performance base Incentive ल ाई निरन्तरता दिनुपर्ने ।
५. IT support को लागि Regional Hub को स्थापना गर्ने ।

घ) सार्वजनिक खर्चमा गैर वजेटरी खर्चको अवस्था, प्रतिवेदन प्रणाली र यस्तो खर्चले पारेको प्रभाव एवं वित्तीय उत्तरदायित्वको अवस्था जस्ता विषय समेटी श्री दुर्गानिधि शर्माले Study of the Pattern and Implication of Off-budget Items in Financial Accountability विषयमा अध्ययन गरी देहाय बमोजिमका सुझावहरुसहितको प्रतिवेदन पेश गर्नुभएको छ।

१. FCGO मा वैदेशिक सहायता समन्वय ईकाइ स्थापना गरी कार्यान्वयन गर्ने
२. आवधिक योजना, क्षेत्रगत नीति, राष्ट्रको आवश्यकता तथा Project Bank को आधारमा Project Selection तथा वजेट तर्जुमा गर्ने ।
३. सहायतासम्वन्धी वार्ता तथा सम्झौता गर्दा on budget, on treasury लाई केन्द्रित गरी गर्नु पर्ने ।



आयोजना लेखाको तालिमका सहभागीहरु



राष्ट्रिय तालिममा TSA सम्बन्धी प्रस्तुति गर्दै श्री सुरेश प्रधान



दोश्रो पेफा मूल्यांकनको प्रतिवेदन सार्वजनिक कार्यक्रमका सहभागीहरु




दोश्रो पेफा मूल्यांकनको प्रतिवेदन सार्वजनिक कार्यक्रमको एक झलक


सल्लाहकार

**मुकुन्दराज प्रकाश घिमिरे**

सम्पादक मण्डल

भुवन काफ्ले

अनुपमा कार्की

लेआउट डिजाईन

अनुपमा कार्की

प्रकाशक

**सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालय**

महालेखा नियन्त्रक कार्यालय भवन परिसर

अनामनगर, काठमाण्डौं

टेलिफोन: ४७७०७०६, ४७७०३८७

फ्याक्स: ४७७०७०६

Website: www.pefa.gov.np

E-mail: pefanepal@pefa.gov.np